गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ५ मितिः२०८०/०३/२४

## भाग-२

## गोलन्जोर गाउँपालिका

**गोलन्जोर गाँउपालिकाको अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम संचालन कार्यबिधि, २०८०**

गाउँ सभावाट पारित मिति २०८०।०३।२४

**प्रस्तावनाः**

गोलन्जोर गाँउपालिकाको सर्वपरि विकासलाई अझ बढि टेवा दिन तथा गोलन्जोर गाँउपालिका बासि जनताको पिर मर्का तथा अति आवश्यक समस्याहरु समाधान तथा गाँउपालिकाको कार्यलाई व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) अन्तर्गत रहि गोलन्जोर गाँउपालिकाले यो कार्यबिधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यबिधिको नाम गोलन्जोर गाँउपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम संचालन कार्यबिधि रहनेछ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कार्यविधि भन्नाले गोलन्जोर गाँउपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम संचालन कार्यविधि सम्झनु पर्नेछ ।

(ख) गाँउपालिका भन्नाले गोलन्जोर गाँउपालिका सम्झनु पर्दछ ।

(ग) गाँउ सभा भन्नाले गोलन्जोर गाँउपालिकाको गाँउ सभा सम्झनु पर्नेछ ।

(घ) समिति भन्नाले गोलन्जोर गाँउपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम संचालन समिति सम्झनु पर्नेछ ।

(ङ) अध्यक्ष भन्नाले गोलन्जोर गाँउपालिकाको निर्वाचित अध्यक्ष सम्झनु पर्नेछ ।

(च) उपाध्यक्ष भन्नाले गोलन्जोर गाँउपालिकाको निर्वाचित उपाध्यक्ष सम्झनु पर्नेछ ।

(छ) गोलन्जोर गाँउपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम भन्नाले गोलन्जोर गाँउपालिकाको गाँउ सभाले पारित गरेको पुंजीगत खर्च तर्फको बजेट बाट स्थापना भएको कार्यक्रम सम्झनु पर्नेछ ।

## परिच्छेद २

## सञ्चालन कार्यविधि

३. (क) अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको समिति रहनेछ

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | संयोजक |
| गाँउपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| गाँउपालिका कार्यालयको लेखा शाखा प्रमुख | सदस्य |
| गाँउपालिका कार्यालयको योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

(ख) अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम सञ्चालन समितिको बैठक अध्यक्ष को हकमा अध्यक्ष ले तोके बमोजिम र उपाध्यक्षको हकमा उपाध्यक्षले तोके बमोजिम बस्नेछ ।

४. अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम अन्तर्गत खर्च हुने अवस्था को समस्या पहिचान भएमा वा निवेदन परेमा सो को मूल्याङ्कन गर्ने कार्य दफा ३(क) बमोजिमको समितिले गर्नेछ ।उक्त समितिले मितव्ययिता,आवश्यकता,प्रभावकारिता तथा औचित्यताको आधारमा निर्णय गर्नु पर्नेछ ।

५. अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम खर्च गर्ने क्षेत्रहरु तपशिलमा उल्लेख भए बमोजिम हुनेछ।

- विपद व्यवस्थापन सम्बन्धी खोजी,उद्दार,तथा राहत कार्यक्रम
- अस्थायी प्रकृति करार ,ज्यालादारी ,शैक्षिक जनशक्ती को व्यवस्थापन तथा वृत्ति विकासमा आवश्यक सहयोग गर्न ।
- आर्थिक,सामाजिक,सांस्कृतिक,वातावरणीय प्राविधिक तथा पूर्वधारजन्य विकासको लागि आवश्यक कार्य गर्न ।
- सरकारी भवन,विद्यालय,सभाहल,सामुदायिक भवन र अन्य सार्वजनिक भवन तथा संरचना निर्माण मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन गर्न ।
- कृषी जोखिम न्यूनिकरण, कृषी प्रविधि तथा यान्त्रिकरण हस्तान्तरण र उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम।
- योजनाहरुको लागत अनुमान, डिजाईन,सर्भे तथा निर्माण सम्बन्धी कार्य ।

- सार्वजनिक सम्पतिको सामान्य मर्मत सम्भार खर्च
- युवा तथा खेलकुद विकास तथा प्रवर्द्धन
- स्थानिय ग्रामिण तथा कृषि सडक,सिंचाई आयोजनाहरुको आकस्मिक मर्मत संम्भार तथा व्यवस्थापन
- भाषा ,लिपि, साहित्य,रहनसहन,भेषभुषा,कला ,संस्कृति संरक्षण तथा प्रवर्द्धन
- विपन्न नागरिकलाई स्वास्थ्य सेवा सहयोग
- महिला सशक्तिकरण,सिप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु ।
- स्थानियस्तरको ज्ञान,सीप,प्रविधिको संरक्षण,प्रवर्धन तथा स्तरीकरण गर्न ।

## परिच्छेद ३

## अन्य

६. अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम खर्च गर्ने क्षेत्रहरु गाँउपालिकाको साधारण बहुमतबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

७. यस अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम हुने रकम बजेट तथा कार्यक्रम तर्जुमा यसै कार्यविधिको दफा ३(क) को समितिको बैठकले पारित गरे बमोजिम हुनेछ ।

८. यस गोलन्जोर गाँउपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम गाँउसभाको साधारण बहुमतले खारेज गर्न सक्नेछ ।

## परिच्छेद ४

## कार्यान्वयन व्यवस्था

९. गाँउपालिका अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम मार्फत कार्यान्यवन व्ययवस्थापन कार्य निम्न बमोजिम गरिनेछ ।

रु ३ लाख सम्म गाँउपालिका अध्यक्ष ,र रु १.५ लाख सम्म गाँउपालिका उपाध्यक्ष र सो भन्दा माथि अध्यक्ष तथा उपाध्यक्ष विशेष कार्यक्रम सञ्चालन समितिको निर्णय अनुसार कार्यान्यवन गरिनेछ ।

आज्ञाले

शम्भु प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत